| नौकुण्ड गाउँपालिका, रसुवा | | |
|---|---|---|
| **स्थानीय राजपत्र** | | |
| खण्ड २ | संख्या १० | मिति :२०७७/१२/०८ |
| **भाग २**<br><br>**नौकुण्ड गाउँपालिका**<br><br>स्थानीय सरकार संचालन ऐन को दफा १०२ को उपदफा ३ बमोजिम गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको आचार संहिता सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ । | | |
| सम्बत् २०७७ सालको कार्यबिधि संख्या १० | | |

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) प्रवर्द्धन आचार संहिता

(क) कुनै पनि लिङ्ग, वर्ग, वर्ण, रंग, जात, उमेर धर्म, सँस्कृती, अपाङ्गता वा शारिरीक बनौट आदिको आधारमा विभेद नगर्ने, कसैको पनि आत्मसम्मानमा ठेस पुराउने काम र व्यहार नगर्ने तथा विविधतालाइ सम्मान गर्ने ।

(ख) महिला, बालबालिका, अपाङ्गता भएका ब्यक्ति तथा अल्पसंख्यक, सिमान्तकृत व्यक्तिहरुप्रति संवेदनशिल भाषाको प्रयोग गर्ने, कुनै पनि व्यक्ति वा समुहप्रति होच्याउने शव्दावलीहरुको प्रयोग नगर्ने ।

(ग) महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक, सिमान्तकृत तथा दलितहरुलाई लज्जित पार्ने, निरुत्साहित गर्ने, होच्याउने वा अन्य कुनै संवेगात्मक दुर्व्यवहार हुने खालका क्रियाकलाप नगर्ने । श्रव्य दृश्य सामग्रीको उत्पादन गर्ने एक अर्कामा पठाउने देखाउने कार्य समेत नगर्ने, विद्युतिय माध्यमको प्रयोगबाट समेत यस प्रकारका कृयाकलाप नहुने सुनिश्चित गर्ने ।

नौकुण्ड गाउँपालिका

(घ) महिला तथा बालबालिकाका लागि अनुपयुक्त वा यौनजन्य लगायतका सबै प्रकारका हिंसा र दुर्व्यहार हुने वा हुनसक्ने प्रकारको शारीरिक वा अन्य हाउभाउ तथा व्यवहार नगर्ने ।

(ङ) कुनै पनि महिला, बालबालिका, अल्पसंख्यक तथा सिमान्तकृत समुदायहरुप्रतिको विभेद, अनुचित व्यवहार वा समतामुलक उद्देश्यले गरिएका बाहेक कसैलाई छुट्याउने गरी खास व्यक्ति तथा समुदायलाई मात्र विशेष वा बढी सहयोग नगर्ने ।

(च) महिला हिंसा, जातिय छुवाछुत, बालश्रम, वहु विवाह र बालविवाह लगायतका महिला तथा सिमान्तकृत समुदायका व्यक्ति तथा समुदायको मानव अधिकार तथा आत्म सम्मान विपरितको कृयाकलापहरु तथा सबै प्रकारका सामाजिक साँस्कृतिक हानिकारक अभ्यासहरुको स्पष्ट रुपमा विरोध गर्ने, त्यस प्रकारका कुनै पनि कृयाकलापमा सहभागी नहुने र यस्ता कृयाकलापहरु भएको अवस्थामा चुप नरहने र आवश्यकता अनुसार उद्दार, पारिवारिक पुनर्स्थापना, परामर्श र कानुनी कार्वाहीका लागि समेत आफ्नो भुमिका निर्वाह गर्ने ।

(छ) गाँउपालिकामा सबै प्रकारका हिंसा, विभेद, दुर्व्यवहार, शोषणमा शुन्य सहनशिलता अपनाउने ।

(ज) महिला, बालिका तथा बन्चितीकरणमा परेका व्यक्ति तथा समुदायको सर्वोत्तम हित र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।

(झ) लैङ्गिक तथा यौनजन्य हिंसा, बालबालिकामाथी हिंसा रोकथाम र नियन्त्रण सम्वन्धी भएका कानुनी व्यवस्थाका प्रावधानहरु पालना गर्ने गराउने र यस सम्वन्धी जनचेतना अभिवृद्धि गर्ने अभियानहरुमा सहयोग गर्ने ।

(ञ) लैङ्गिक तथा यौनजन्य हिंसाका घटनासँग सम्वन्धित अनुसन्धान र न्यायिक प्रक्रियामा वाधा अड्चन नगर्ने तथा न्यायका लागि सहयोग पुर्‍याउने ।

(ट) कुनै पनि प्रकारको हिंसा, विभेद र दुर्व्यवहारमा संलग्न व्यक्तिलाई वचाउ नगर्ने र यस किसिमका कुनै पनि घटनाहरु लुकाउने वा ढाकछोप नगर्ने र पिडकलाई कुनै पनि अवस्थामा सहयोग र समर्थन नगर्ने ।

(ठ) महिला र बालबालिकासँग सम्वन्धित घटनाहरुमा गोपनियता कायम गर्नुपर्ने विद्यमान कानुनी व्यवस्थाहरुमा सजग रहने र पिडित तथा प्रभावित व्यक्तिको सम्मान, मर्यादा र सुरक्षाका लागि संवेदनशिल वन्ने ।

(ड) अपाङ्गता भएका व्यक्तिको विशेष आवश्यकता, सुरक्षा र उनीहरुप्रति समभाव र उनीहरुको मर्यादित जीवन प्रत्याभुत गर्न सदैव तत्पर हुने ।

(ढ) कसैसँग पनि अनुपयुक्त, उत्पीडनकारी, निन्दाजनक, उत्तेजक, अपमानजनक वा साँस्कृतिक रूपमा अनुपयुक्त भाषा र व्यवहार प्रयोग नगर्ने ।

(ण) लैङ्गिक हिंसा, यौन उत्पीडन, शोषण तथा दुर्व्यवहार, हानीकारक अभ्यास र बालअधिकार हनन्का क्रियाकलापहरु जानकारीमा आएमा त्यसको जानकारी गाँउपालिका, न्यायिक समिति, वडा कार्यालयहरु, नेपाल  प्रहरीको फोन नं १००, बालबालिका खोजतलास केन्द्रको सम्पर्क १०४, बाल हेल्पलाइन १०९८, राष्ट्रिय महिला आयोगको हेल्पलाइन नं ११४५ मा सम्पर्क गरी जानकारी गराउने ।

धन्यवाद ।

आज्ञाले

प्रमाणीकरण मितिः २०७७/९/२८

प्रमुख प्रशासकीय अधिकृत

अण प्रशाद पौडेल

नौकुण्ड गाउँपालिका